"जय छिपहरमाई" "जय छिपहरमाई" "जय छिपहरमाई"

# छिपहरमाई गाउँपालिका

## आ.व २०७६।२०७७ बजेट




**गाउँ कार्यपालिकाको कार्यालय**

**भिस्वा, पर्सा**

**प्रदेश नं २, नेपाल**

निर्णय नं. - १

गाउँपालिका अध्यक्षबाट गाउँ सभामा पेश गर्नका लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट माथि छलफल हुँदा प्राप्त सुझावहरु समेत समावेश गरी तपसील बमोजिमको नीति कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो :

# छिपहरमाई गाउँपालिका

## नीति तथा कार्यक्रम, २०७६

*कार्यपालिकाबाट स्वीकृत मिति : –२०७६।०३।०१*

### छिपहरमाई गाउँपालिका

### भिस्वा, पर्सा

*गाउँ सभाबाट अनुमोदन भएको मिति : –२०७६।०३।०८ गते*

निर्णय नं. १

## छिपहरमाई गाउँपालिकाको गाउँ सभामा उपाध्यक्ष श्रीमती मोदिना खातुनबाट पारित नीति,कार्यक्रम तथा बजेट

छिपहरमाई गाउँपालिकाको पाँचौ ऐतिहासिक गाउँसभाको अध्यक्षता गरिराख्नु भएका गाउँपालिका अध्यक्ष ज्यू,प्रमुख प्रशासकीय अधिकृतज्यू,कार्यपालिका र गाउँसभाका सम्पुर्ण सदस्यज्युहरु, पत्रकारहरुज्यू तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु :

सर्वप्रथम यस गरिमामय छैठौं गाउँ सभामा विगत देखि अधिकार प्राप्तीका लागि आन्दोलन गर्दै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना एवं मधेसको हक अधिकार स्थापना गर्न आफ्नो प्राण आहुती गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

नेपाल आमाको थुप्रै सपुतहरुको संघर्ष र बलिदानी बाट वि.सं. २००७ साल देखि आफ्नो प्रतिनिधिवाट बनाईएको संविधानवाट शासन गर्ने उत्कृष्ट चाहना हाल आएर बर्तमान संबिधान पश्चात पुराभएको छ । हामिले संविधानमा लिपिवद्ध गरेको स्थानीय स्वशासनको अवधारणाले नागरिक सँगै नागरिकको मनमस्तिष्क छुने तथा दुःख सुखमा जनतासगै स्थानीय सरकारको प्रत्याभुत गरिएकोछ । स्थानीय निर्वाचन मार्फत आफ्नो अभिमत जाहेर गरि जनप्रतिनिधिहरुको स्थानीय तहमा वाहाली भई स्थानीय सरकारको गठन भएको करिव २ वर्ष भईसकेको छ । यस अवसरमा छिपहरमाई गाउँपालिकाको विकास र सम्वृद्धिका लागि छैठौं गाउँ सभामा तेश्रो पटक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुति गरेको छु ।

विकास निरन्तर चलिरहने प्रकृया हो । उपलब्ध श्रोत साधनहरुको प्रभावकारी उपयोग मार्फत जनताको आवश्यकता एवं चाहनाको प्राथमिकिकरण गर्दै जनताहरुकै सहभागितामा छिपहरमाई गाउँपालिकाको विकास गरि सम्वृद्ध वनाउनु आजको आवश्यकता हो । आर्थिक,सामाजिक, राजनितिक, साँस्कृतिक, तथा शैक्षिक लगायत समग्र क्षेत्रको विकास गरि यसको प्रतिफलको सम्मान एवं समन्यायिक वितरण मार्फत जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाई "**छिपहरमाईको अभियान हरेक जनबासीको मुस्कान**" भन्ने मूल नारालाई व्यवहारिक रुपमा कार्यान्वयनमा उतार्न प्रस्तुत निति तथा कार्यक्रम सफल हुने छ ।

यो नीति तथा कार्यकम र वजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

- आर्थिकविकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने
- दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने
- छिपहरमाई गाउँपालिका क्षेत्रको कला र संस्कृतिको पहिचान र प्रवर्द्धन गर्ने,

- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्वोधन गर्ने
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने, आय आर्जन गर्न तथा रोजगारीमा बृद्धि हुने,

**छिपहरमाई गाउँपालिकाले आ.ब. २०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको व्यहोरा प्रस्तुत गर्दछु ।**

- वर्तमान संविधानले गरेको व्यवस्था तथा प्रावधानहरु,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- चालु आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधानहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु

सम्माननीय सभाअध्यक्ष ज्यू,
अव म यस छिपहरमाईगाउँपालिकाको गाउँ कार्यपालिकावाट स्वीकृत आ.व. २०७६/०७७ को यस गाउँपालिकाको विकासका लागि आवश्यक रहेको मुख्य मुख्य नीति तथा कार्यक्रम र बजेट बारे संक्षिप्त रुपमा यस गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस कार्ययोजनाको विस्तृत विवरण गाउँसभाले पास गरे बमोजिम गाउँपालिकाको वार्षिक योजनाको पुस्तकबाट प्रस्टहुनेछ ।

## पूर्वाधार विकास

**भौतिक पूर्वाधार तथा संरचना विकास :**

१। नेपालको संविधानले परिकल्पना गरेको संघीयता अनुसार स्थानीय सरकारको रुपमा गाउँ कार्यापालिकाले कार्य गर्नुपर्ने हुँदा यस छिपहरमाई गाउँपालिकाको दिगो र नतिजामूलक विकासका लागि गाउँपालिका गुरुयोजना तयार गरि कार्यान्वायनमा जोड दिईनेछ ।

२। सम्भावित प्रकोप दुर्घटना र यस गाउँपालिका बासीको सुरक्षाको लागि शहरी बिकास मन्त्रालयवाट जारी बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मार्गदर्शन लागु गरिनेछ ।

३। दिगो नतिजामूलक विकासको लागि गाउँपालिका गुरुयोजना, खानेपानी तथा सरसफाई गुरुयोजना अगामी वर्ष आवधिक गाउँपालिका विकास योजना, भु-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिईने छ ।

४। सम्भावित प्रकोप, दुर्घटना र आम गाउँपालिका वासीको सुरक्षाको लागि शहरी विकास मन्त्रालयवाट जारी राष्ट्रिय भवन सहिता एवं भवन निर्माण मापदण्ड र संघिय मामिला

तथा स्थानिय विकास मन्त्रालयबाट जारी वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मार्गदर्शन- २०७२ लाई कडाईका साथ लागु गरिने छ ।

५। गाउँपालिका भित्रका मुल सडक संघ/प्रदेश सरकारले तोके बमोजिम, सहायकसडकहरु कम्तिमा ४ मिटर (नाला बाहेक) र पुराना वस्तीहरुका साँघुरा सडकहरुलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स, दमकल पुग्न सक्ने गरी कम्तीमा ४ मिटर वा सो भन्दा नक्सामै वढी भएमा नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तोरन्नती गरिने छ ।

६। कम्तीमा ८ मिटर चौडा सडक संग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडागरी खानेपानी, विद्युत पोल, ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा नयाँ प्लटिङ्गको अनुमति प्रदान गरिनेछ । साथै अव खोलिने सवै नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर चौडा हुने छ ।

७। विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पर्दाथ गाउँपालिकास्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।

८। आकस्मिक मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्था गरी संचालनमा ल्याईनेछ ।

९। गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता, स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ ।

१०। पांच ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्वन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग वोर्ड लगाईने छ ।

११। वढ्दो सार्वजानिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी संरक्षण गरिने छ ।

१२। प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने निति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ ।

१३। एक गाउँ एक वहु-उपयोगी पोखरीको अवधारणा अनुसार पोखरीलाई स्तरोन्नती गरी त्यस क्षेत्रलाई गाउँपालिकाको. रमणिय र धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना वनाई बजेट व्यवस्थापनका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

१४। सिचाईका मुहानहरु सुक्दै गएको र भु-क्षय भई बाँध बाध्न कठिन भएको वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी गाउँपालिका भित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण,मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

१५। गाउँपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाइ केन्द्र स्तरका सम्वन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ ।

१६। सडक मर्मत तथा निर्माण गर्दा स्थायी योजना वनाई निर्माण कार्यको थालनि गरिने छ । अस्थायी र अल्पकालिन योजनहरु प्राथमिकतामा राखिने छैन ।



मनोज कुमार
गाउँपालिका प्रमुख

१७।सडक निर्माण गर्दा गाउँबासिहरुको जनजिवन लाई सहज बनाउने गौरव वातावरण मैत्रि सडकको रुपमा विस्तार गरी बृक्षारोपण कार्यलाई समेत प्राथमिकता दिइनेछ ।

१८। सार्वजनिक सडकहरु वाह्रै महिना सूचारु राखिने छ । यसका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

१९। गाउँपालिकाको आधुनिक भवननिर्माणको लागि जग्गाको पहिचान गरिने ।भवन निर्माणको लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरी स्रोतको व्यवस्था मिलाइनेछ । साथै वडा कार्यालयहरुको भवन निर्माणको लागि विशेष पहल गरिनेछ

२०। बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडी वढाइने छ।

२१।आधुनिक बजारको लागि जग्गा पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन सहित कार्य अगाडि वढाइनेछ ।

२२। विकासको मेरुदण्ड सडक भएको, ग्रामिण तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथाढल निकासको लागि योजनाबद्ध प्रयासहरु गरिनेछ ।

२३। गाउँपालिका अन्तर्गत एकवटा रङ्गशाला निर्माण गरिनेछ ।

२४। सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ ।

## आर्थिक विकास

### कृषि तथा पशू

१। निर्वाहीमुखि खेती प्रणलीलाई एकीकृत र व्यवसायिक कृषि प्रणली तर्फ उन्मुख गर्दै कृषिको विविधिकरण र यान्त्रिकिकरण गर्न आवश्यक पहल गरिने छ ।

२। आर्गानिक तरकारी खेती तथा प्राङ्गारिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाउँपालिकामा युवा स्वः रोजगार कार्यक्रम संचालन गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।

३। उन्नत पशु पालन, पशुपंछि विमा, मत्स्य पालन, मत्स्य विमा तथा कृषि विमा, गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु संचालनमा विशेष पहल गरिने छ । साथै छिपहरमाई गाउँपालिका भित्र माछा पालनको लागि सार्वजनिक पोखरी ठेक्का साकार गर्ने ठेकेदारले अनिवार्य कृषि विमा गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।

४। भौगोलिक अवस्था र हावा पानी हेरी प्राविधिकहरुलाई माटो परिक्षण गराई हावा पानी र माटो अनुसार अन्न खेती, तरकारी खेती, फलफुल खेती, नगदेवालीको खेती गर्न योग्य जमिनलाई पकेट क्षेत्र घोषणा गरी सोहि अनुसारको कृषि उत्पादन गर्ने निति अवलम्वन गरिनेछ ।

५। सौर्य सिँचाई लगायतका सिँचाई प्रणालीमार्फत छिपहरमाई गाउँपालिकालाई पुर्ण रुपले सिँचित गरी कृषि उत्पादकत्वमा वृद्धि गरिने छ ।

६। गाउँपालिका भित्रका एक विघा जग्गा भएका कृषकलाई साना किसानकोपरिचय पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।



मनोज कुमार
गाउँपालिका प्रमुख

७। गाउँपालिका भित्र टोलगत रुपमा कृषक समुह गठन गरी लक्षित किसानसम्म गाउँपालिकाको सेवा सुविधा पुर्याउन तर्फ जोड दिईनेछ।

८। एक गाउँ एक उत्पादनको लागि छिपहरमाईको पहिचानको रुपमा तरकारी खेतीलाई प्रोत्साहन गरिने छ।

९। गाउँपालिकामा बिभिन्न विषयको कृषि विशेषज्ञहरुको व्यवस्था गरी किसानलाई कृषि उत्पादनमा सहयोग गर्ने व्यवस्था मिलाईनेछ।

१०। किसानलाई आवश्यक पर्ने मलखाद, बिउ बिजन, बिषादी इत्यादी सुपथ मूल्यमा सहजढङ्गले उपलव्ध गराउने व्यवस्था मिलाईनेछ।

११।मासु तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई व्यावसायीकरुपमा आत्मनिर्भरताका लागि उत्पादन गर्ने व्यवस्था मिलाई प्रोत्सान गरिनेछ।

१२।छिपहरमाई गाउँपालिकाभित्र उत्पादित कृषिजन्य उपजको बजार व्यवस्थापन गरिनेछ।

१३।व्यवसायिक पशुपालन र कुखुरापालनमा जोडदिदै आगामि पाँच वर्ष भित्र छिपहरमाई गाउँपालिकालाई दुग्धजन्य पदार्थ र मासुमा आत्मानिर्भर वनाउदै बाहिर निकासी गर्न सकिन व्यवस्थाको थालनि गरिनेछ। सोका लागि गाउँपालिकाभित्र कृषि उत्पादन, तरकारी, दूध संकलन केन्द्र, चिस्यान केन्द्र, विक्रि केन्द्र र संकलन केन्द्र स्थापना गरि उचित मूल्य निर्धारण सहित सहज वजारीकरणको व्यवस्था गरिनेछ।

## सहकारी क्षेत्रको विकास, गरिवी न्युनीकरण र पर्यटन प्रवर्द्धन :

१। सहभागिताको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकासका वारेमा सामाजिक परिचालन मार्फत सचेतिकरण कार्यक्रम संचालन गरिने छ।

२। विपन्न लक्षित समुहका लागि आय मूलक र सीपमूलक तालिम प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ।

३। गाउँपालिकामा हुने विकास निर्माणका कार्यमा स्थानिय सिप,साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ।

४। विविध धर्म संस्कृति भएका मठ मन्दिर आदिमा स्थानिय कला संस्कृति झल्कने खालका कार्यक्रम लागि आवश्यक पहल गरिने छ।

५। ऐतिहासिक छिपहरमाई मन्दिरलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गरी छिपहरमाई मंदिरलगायत गाउँपालिका अन्तर्गतका अन्य धार्मिक तथा ऐतिहासिक स्थलहरुलाई पर्यटकिय क्षेत्र तथा पिकनिक स्पोर्टको रुपमा विकास गरि ppp मोडलमा संचालनको व्यवस्था मिलाईने छ।

६। गाउँपालिका क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्वन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ।

## सामाजिक विकास

शिक्षा :-

मनोज कुमार
गाउँपालिका प्रमुख

- ✓ सामुदायिक विद्यालयको संस्थागत सुधार गर्दै विद्यार्थि संख्याको अनुपातमा शिक्षक संख्या मिलान गर्दै लगिनेछ । शिक्षक अपुग रहेको अवस्थामा तत्काल पदपूर्ति हुने स्थिति नदेखिएमा स्वयं सेवक शिक्षक मार्फत पढनपाढनको व्यवस्था मिलाईनेछ ।
- ✓ पुर्ण साक्षर गाउँपालिका घोषणा गर्न प्रत्येक टोलमा २ जना शिक्षकको व्यवस्था गरी घंरदैलो शिक्षा कार्यक्रम लागु गरिने छ ।
- ✓ राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धि मूलक बनाउन शिक्षा शाखा र गैह्र सरकारी संस्थाहरु वीच समन्वय गर्दै यथाशिघ्र निरक्षरता उन्मुलन गरिने छ ।
- ✓ सामुदायिक विद्यालयहरुको भौत्तिक पूर्वाधार विकास स्तोरन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरु संग समन्वय गरी व्यवस्थित गर्दै लगिने छ ।
- ✓ शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै सम्वन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी गाउँपालिका अन्तर्गतका सवै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने छ ।
- ✓ गाउँपालिका क्षेत्रवाट उत्कृष्ट नतिजा ल्याउँने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीने छ ।
- ✓ छिपहरमाई गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुको बिवरण संकलन गरि सोको अवस्थाको बारेमा अध्यायन गरि विद्यालयको शैक्षिक गुणस्तरलाई क्रमिक रुपमा सुधार गर्दै लैजाने निति अवलम्वन गरिनेछ ।
- ✓ सवै विद्यालयको शैक्षिक भौतिक पूर्वाधार, बृतिविकासका लागि विद्यालयका शिक्षक र बिद्यार्थी अनुपातमा आन्तरिक दरवन्दी मिलान गरि पठनपाठन संचालन गरिनेछ । साथै पठनपाठन अझ प्रभावकारी बनाउन शिक्षक तालिम र कक्षाकोठा व्यवस्थापन लगाएतका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ प्रत्येक सामुदायीक विद्यालयका शिक्षकहरुलाइ विद्यार्थीको सिकाई उपलब्धी प्रति जिम्मेवार वनाईनेछ र विद्यार्थीको सिकाई उपलब्धीको आधारमा शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- ✓ विद्यालयमा सवैका लागि आचारसंहिता लागु गरिने छ ।
- ✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउँन सहयोग पुर्याउँने प्रशिक्षकज्यू हरुलाई प्रोत्साहन गर्न पुरस्कार सम्मान व्यवस्था मिलाईने छ ।
- ✓ माध्यमिकतथा आधारभुत विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ गाउँपालिकाको प्रत्येक विद्यालयमा पोसाक अनिवार्य गरिनेछ ।
- ✓ शिक्षण पेशालाईमर्यादित र सम्मानित वनाउन राजनैतिक प्रभाववाट मुक्त राखिने छ । यसबाट शिक्षण पेशामा व्यावसायिकताको विकास हुनेछ ।
- ✓ वालविकास केन्द्रमा भौतिक संरचनाको बिकास गर्दै बाल विकास सहयोगीहरुको क्षमता अभिवृद्धि गर्दै न्यायोचित सेवा सुविधाको व्यवस्था गरिनेछ ।
- ✓ छिपहरमाई गाउँपालिकाको सवैवडाहरुको शिक्षाका कार्यक्रमहरुका साथै सामुदायिक सिकाई केन्द्रका कार्यक्रमहरुलाइ प्रभावकारी रुपमा संञ्चालन गर्न जोड दिईनेछ ।

**महिला, बालबालिका तथा अन्य लक्षित समुह विकास :**



मनोज कुमार
गाउँपालिका प्रमुख

भ्रुण हत्या रोक्न वालिकाहरुको लागि स्वर्ण योजना अन्तर्गत छोरी जन्मेको ३५ दिनभित्र जन्म दर्ता गराएका बालिकाको नाममा रु. २०,०००।- (वीस हजार मात्र) एक मुष्ठ जम्मा गरी विवाह विमा गर्ने र छोरीले कम्तीमा माध्यमिक तह उतिर्ण गरी २० वर्ष उमेर पुरा गरेपछि विवाहको समयमा एक मुष्ठ उपलब्ध गराईनेछ र एक घरमा दुई जनालाई मात्र ।

- ✓ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सम्रग महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- ✓ वालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ ।
- ✓ वाल संजाल एवं वालवालिकाको क्षमता विकास सम्वन्धि कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- ✓ आपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री वनाउदै लगिने छ ।
- ✓ यस गाउँपालिकालाई निकट भविष्यमै बालमैत्री गाउँपालिका तुल्याउँने नीति अंगिकार गरिने छ ।
- ✓ ज्येष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षमा विशेष जोड दिईने छ ।
- ✓ दलित एवं आदिवासी/जनजाति, मधेशी, मुसलिम, पिछडा वर्गको हक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ महिला, वालवालिका, आदिवासी/जनजाति, मधेशी, मुर्सलिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

## युवा तथा खेलकुद :

- ✓ युवा स्वरोजगारको लागि क्षमता विकास, सिप विकास, व्यवसायिक तालिमको संचालन गरिनेछ । साथै प्रधानमंत्री रोजगार कार्यक्रम मार्फत छिपहरमाई गाउँपालिका भित्रका वेरोजगार युवाहरुलाई आवश्यक रोजगारीको व्यवस्था मिलाईने छ ।
- ✓ युवा वर्गको क्रियाशिलतालाई गाउँपालिकाको विकासको क्षेत्रमा योगदान दिन सबै कार्यक्रम युवा मैत्री बनाउदै लगिनेछ ।
- ✓ गाउँपालिका स्तरमा रोजगारीको सृजना गरी युवा शक्ति पलायन रोक्न स्थानीय श्रममुलक कार्यक्रम संचालन गरिनेछ ।
- ✓ युवा तथा वालवालिकाको शारिरीक तथा मानसिक विकास र स्वस्थ जीवनका लीग विद्यालय स्तरवाटै खेलाडिको विकाससँगै विद्यालयहरुमा खेल सामग्रीहरुको व्यवस्था गरी खेलकुद क्षेत्रको विकास गरिनेछ ।

## स्वास्थ्य :

मनोज कुमार
गाउँपालिका प्रमुख

✓ गाउँपालिका भित्रका घरमा प्रसुति शुन्य नीति लागु गरि स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलाहरुलाई प्रोत्साहन तथा पोषण युक्त आहारको व्यवस्था मिलाईने छ ।

✓ छिपहरमाई गाउँपालिका अन्तर्गत स्वास्थ्य स्वयंसेविकाहरुलाई लगनशिल भई सेवा गर्न तथा सेवाप्रति सम्मानको लागि प्रोत्साहित गरिनेछ साथै आ.व. २०७६/०७७ देखि स्वास्थ्य स्वम सेविकाहरुलाई मासिक रु. २०००।- को दरले मासिक भत्ता उपलब्ध गराईने छ ।

✓ गाउँपालिका क्षेत्रमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सबै सरकारी तथा गैरसरकारी संघ संस्था तथा निजि क्षेत्रहरु संग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिने छ ।

✓ गाउँपालिका भित्र आयुवेर्दिक चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यक्ति र संघ संस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहन गरीने छ ।

✓ सर्वसाधारणका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क उपलब्ध गराउँने औषधी तथा अन्य सेवाहरु पारदर्शि रुपमा वितरण गरिने छ ।

✓ स्वस्थ्य सेवाका लागी आवश्यक पर्ने उपकरण औजारहरु तह अनुसार तुरुन्त व्यबस्था गर्ने रणनिति अपनाईनेछ ।

✓ संघिय सरकार र प्रादेशिक सरकारद्धारा तोकिएका औषधिहरु समयमै उपलब्ध गराउन सम्बन्धीत निकायसँग समन्वय गरि तुरुन्त उपलब्ध गराउने बातावरण वनाईनेछ ।

✓ स्वास्थ्यचौकी प्राथमिक स्वास्थ्य केन्द्रको पूर्वाधारलाई प्राथमिकतामा राखी आवश्यक वजेट विनियोजन गरिनेछ ।

✓ गाउँपालिका स्तरमा २५ सैयाको अस्पताल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

## वातावरण तथा विपदव्यवस्थापन

✓ खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरी हरियाली प्रवर्द्धन गरिने छ ।

✓ गाउँपालिकाको फोहरमैला व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजानिक निजि साझेदारी ( P P P ) मोडेलको अवधारण अनुरुप कार्य गर्ने निति लिईने छ ।

✓ सरसफाई बानी व्यहोरा परिवर्तन गर्ने जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

✓ फोहरलाई श्रोतमा न्युनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्याँउन लगाई कुहिनेलाई कमपोष्ट मल बनाउने, नकुहिने फोहर मध्ये कुन प्रयोजन हुनेलाई वेचेर मोहर बनाउने तथा अन्य काम नलागने फोहरहरु मात्र रुटिन अनुसार गाउँपालिकाको फोहर उठाउने सवारीमा सिधा राख्ने व्यवस्था मिलाई सरसफाई प्रवर्द्धन गरिने छ ।

✓ ढल, नाला तथा लैण्डफिल साईड व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।

✓ गाउँपालिका क्षेत्र भित्र प्लास्टिक प्रयोगमा बन्देज लगाई सार्वजानिक निजि साझेदारी ( PPP ) मोडेलको अवधारण अनुरुप वातावरण मैत्री झोला उत्पादन गर्न प्रत्साहित गर्दै प्रविधिमा आवश्यक सहयोग गरिने छ ।



मनोज कुमार
गाउँपालिका प्रमुख

✓ जथाभावी फोहर गर्ने, सार्वजनिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने तथा निर्माण सामाग्री राख्नेलाई फोहर मैला व्यवस्थापन ऐन नियमावली अनुसार कार्यावाही गरिने छ ।

✓ शौचालय बनाई प्रयोगमा ल्याएका घर परिवारलाई यथाशिघ्र **सरसफाई कार्ड** वितरण गरी उक्त कार्डलाई गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा अनिवार्य गरिने छ ।

✓ सम्भाव्य विपद सम्बन्धि जनचेतना,विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वायनमा पहलगरिनेछ ।

✓ गाउँपालिका स्तरीय विपद व्यवस्थापन कोष खडागरी राहात, उद्धार र पुनस्थापना कार्यलाई व्यवस्थीत गरिनेछ । सोका लागि विपद् व्यवस्थापन कोषको स्थापना गरी आवश्यक रकमको व्यवस्था गरिनेछ ।

✓ जलबायु परिबर्तन अनुकुलन कार्ययोजना निर्माण गर्न आवश्यक पहल एवं सम्बन्धित निकाय र संघ/संस्थाहरुसँग समन्वय गरिनेछ ।

✓ नदिकटान र वाढी पहिरो प्रभावित क्षेत्रको अध्यायनगरी नियन्त्रणात्मक कार्यसंचालनमा जोड दिईनेछ ।

✓ सार्वजानिक पर्ति, जग्गाहरु खोजी संरक्षण र वृक्षारोपन गरी हरियाली प्रवर्द्धन गर्दै स्वच्छ र स्वस्थ वातावरण निमाण गर्न सहयोग पुर्याइने छ ।

**राजश्व सम्भाव्यता, बजार र वित्तिय व्यवस्थापन :**

✓ गाउँपालिका वासीले तिर्ने कर शुल्क नै गाउँपालिकाको समृद्धीको आधार हो, भन्ने तथ्यलाई मनन गर्दै नतिजा मूलक दिगो विकासका लागि श्रोत जुटाउन गाउँपालिका वासीहरुलाई वोझ नहुने र सर्व स्वीकार्य हुने गरी सरल वैज्ञनिक र प्रभावकारी कर प्रणली मार्फत करका दरहरु कायम गरी गाउँपालिकाको दिगो श्रोतको रुपमा विकास गरी सवै गाउँपालिका वासीहरुलाई करको दायरामा ल्याईने छ ।

✓ गाउँपालिकावाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासंग आवद्ध गरिने कार्यलाई प्रभावकारी वनाईने छ ।

✓ उद्योग वाणिज्य संघसंगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी वनाई सवै व्यवसायलाई करको दायरामा ल्याईने छ ।

✓ वार्षिक रु. १ लाख भन्दा वढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

✓ गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घर दैलो सेवा उपलब्ध गराईने निति अवलम्वन गरिने छ ।

✓ कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा वढी कर संकलन भएमा लक्ष्य भन्दा वढी संकलन भएको रकमवाट गाउँ कार्यपालिकाको निर्णय अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुको साथै दरवन्दी अनुसार पद पुर्ति नभएको अवस्थामा कार्यालय समय वाहेक समेत कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराईने छ ।



मनोज कुमार
गाउँपालिका प्रमुख

- राष्ट्रिय भवन संहिंता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने, नयाँ भवन संरचनाहरु मापदण्ड बमोजिम बनाउन नक्सा पास गरी स्वीकृति दिने एवं मापदण्ड नपुगेका गाउँपालिका घोषणा हुनु आगावै बनेका पुराना घर संरचनाहरु सार्वजानिक जग्गा र सडकमा पर्ने भए हटाउन लगाई अन्यको हकमा लगत लिई गाउँपालिकाले तोके अनुसारको राजस्व अशुल गरी अभिलेखीकरण गरी गाउँपालिका घोषणा हुनु पुर्व र पछि बनेका घरहरुको रेकर्ड अध्यावधिक गरिनेछ ।
- नक्सा पास र स्वीकृती विना आफु खुशी बनाएका घर संरचनाहरु मापदण्ड विपरित भए निजकै खर्चमा भत्काउँन लगाई स्थानिय शासन संचालन ऐन, २०७४ अनुसार संरचना धनिलाई दण्ड जरिवाना गरी कानुनी दायरामा ल्याई व्यवस्थीत शहरी विकासमा जोड दिने छ ।
- फोहर मैला व्यवस्थापनको लागि बजार क्षेत्र र फोहर बढि गर्नेहरुसँग सरसफाई शुल्क लिई सरसफाईको व्यवस्थापन मिलाईने छ ।
- राजश्व सम्भाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजश्वका अन्य क्षेत्रहरु समेत पहिचान गरी करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतीकरणको लागि कर शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- यस गाउँपालिका क्षेत्रमा पटके पसलहरु हाट बजार तथा अन्य सार्वजनिक सम्पत्ति गाउँपालिका बाहेक अन्य संघ संस्था तथा निकायहरुले समेत ठेक्का बन्दोवस्त गरी सो को आम्दानी लिईरहेकोमा त्यस प्रकारको गैर कानुनी कार्यलाई पुर्ण रुपमा रोकी सम्पूर्ण आम्दानी रकम गाउँपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणलीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।
- उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानिय प्रहरी प्रशासन, उद्योग वाणिज्य संघ, संचार कर्मी र अन्य सरोकारवाला निकायहरु संग समन्वय गरी बजारमा हुने कृत्रिम आभाव, एकाधिकार र कालो बजारीलाई नियन्त्रण गरिने छ ।

## प्रशासन, सुशासन तथा पारदर्शिता :

- गाउँपालिका कार्यालयका प्रत्येक शाखाको फाईलिङ्ग, रेकडिङ्ग प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दै लैजानुका साथै कार्यालय संगठन शाखा,उपशाखा र कर्मचारीको विवरण तयार गरी आध्यावधिक गर्दै लगिने छ ।
- पुराना पेश्की वेरुजु असुल उपर गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य निति अवलम्बन गरिने छ ।
- गाउँपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक बापत रकम उपलब्ध गराई तोकेको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउँन लगाउने व्यवस्था गरिने छ ।
- विभिन्न तालिममार्फत कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।
- कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निमार्ण गरी सेवाग्रही प्रति सम्मान पूर्ण व्यवहार गर्ने नितिलाई प्रभावकारी बनाईने छ ।



मनोज कुमार
गाउँपालिका प्रमुख

✓ नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन गाउँपालिका प्रतिवद्ध रहने छ ।

✓ गाउँपालिकाको गतिवीधिलाई विद्युतिय संचार माध्यमवाट सार्वजनिक गर्ने निति अनुरुप कार्यालयको आधिकारीक वेभ साईट तथा स्थानिय एफ एम बाट प्रसारण गरिने कार्यको सुरुवात गरिने छ ।

✓ गाउँपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी पारदर्शि एवं जन उत्तरदायी वनाउन सघन अनुगमन, बुलेटिन व्रोसर प्रकाशन, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजानिक परिक्षण प्रगति समीक्षा नियमित रुपमा गरी सु-शासनको प्रत्याभुती दिईने छ ।

संस्थागत बिकास र सुशासन :

✓ गाउँपालिकाको संगठन संरचना चुस्त दुरुस्त र छरितो वनाई गाउँपालिकावासिले मितव्ययी सर्वसुलभ र गुणस्तरिय सेवा प्राप्तगर्ने अधिकारलाई सुनिश्चित गर्न आगामि आर्थिक बर्षमा गाउँ कार्यपालिकाको संगठन र व्यवस्थापन सर्वेक्षण गरी कार्यअगाडी बढाईनेछ ।

✓ गाउँपालिकाको बिकासको लागि बिकास साझेदार मैत्री वातावरणको सृजना गरिनेछ ।

✓ ठुला विकास आयोजनाहरुमा निजी क्षेत्रको लगानिलाई आकर्षण गरिनेछ । कानुन विपरीत नहुनेगरी स्थानीय कानुन तथा संरचनाको निर्माणगरिनेछ ।

✓ गैरसरकारी संस्था परिचालनमा एकद्वार नीति अवलम्वन गरिनेछ । नगरपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संघ/संस्थाहरुको वस्तुगत विवरण तयार गरि प्रत्यक वर्ष अध्यावधिक गरिनेछ । संस्थाहरुको विज्ञता, अनुभव, उपलब्धश्रोत, समुदाय परिचालनको अवस्था, कार्यसम्पादन स्तरको मूल्याङकन गर्दै गरिविनिवारण, लैगिक समावेसीकरण लगायत सामाजिक परिचालनका लागि क्षेत्र प्राथमिकताका आधारमा परिचालन गरिनेछ ।

✓ सूचनाको हक सम्वन्धी ऐन, २०६४ को प्रावधान अनुरुप गाउँसभा तथा कार्यपालिकाका निर्णयहरु २४ घण्टा भित्रै सार्वजनिक गर्ने परिपाटिको विकास गरिनेछ ।

✓ गाउँपालिका र वडा कार्यालयहरु मार्फत सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण गरी कार्यसंचालन गरिनेछ ।

✓ गाउँपालिकाको सम्पूर्ण कार्यहरु अनलाईन प्रणाली मार्फत संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

✓ व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत हुने कार्यकोसुरुवात गरिनेछ ।

✓ भ्रष्टचारजन्य क्रियकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सु-शासनको प्रत्याभुत प्रदान गरिनेछ ।

✓ गाउँपालिकाको सेवा प्रवाहलाई जनमुखी, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, कानुनी, शासन आधारभुत सिद्धान्त अनुसार संञ्चालन गरिनेछ । साथै गाउँपालिका द्वारा सम्पादन गरिने प्रत्येक क्रियाकलापलाई नागरिक प्रति उत्तरदायी हुने पद्धतिको विकास गरिनेछ ।

✓ आ.व. २०७६/०७७ बाट छिपहरमाई गाउँपालिकाले दीर्घकालिन रुपमा संचालन गर्ने गरी "जनतासँग गाउँपालिका" कार्यक्रम संचालन गरिनेछ । सो कार्यक्रम अन्तर्गत स्थानीय जनताहरुको राय, सल्लाह सुझाव आवश्यक तथा सुशासन विषयहरु समावेश गरिनेछ ।



मनोज कुमार
गाउँपालिका प्रमुख

- ✓ सवै आधारभुत तथा माध्यमिक विद्यालयहरुमा ईन्टरनेट सेवाको पहुँच पुर्याईने छ । सेवाग्राहीको बाक्लो उपस्थिति हुने कार्यालय तथा सार्वजनिक स्थलहरुमा नि:शुल्क ईन्टरनेट सेवाको क्रमश : विस्तार गर्दै लगिनेछ ।
- ✓ जनशक्ति विकास, संगठनात्मक संरचना, सुचनामैत्री कार्य सम्पादन र सेवा प्रवाह लाई विशेष प्राथमिकता दिइनेछ ।

समाननीय सभा अध्यक्ष ज्यु,

अव म माथि उल्लेखित निति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्नको लागि यस गाउँपालिकाले आ.व.२०७६।०७७ का लागि विनियोजन गरेको आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण गाउँपालिका विकास योजनको पुस्तिका मार्फत प्रकाशित हुने नै छ । यस गाउँपालिकाको यस आ.व.मा आय तर्फ शर्शत अनुदान रु. ९,७३,००,०००।०० आन्तरिक स्रोतवाट रु ३४,४५,०००।०० वितिय समानिकरण तर्फ रु १०,६६,६२,०००।०० सामाजिक सुरक्षा भता वापत रु.४,००,००,०००।०० स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. १०,००,०००।००, गत वर्षको अल्या.रु.००,युनिसेफको सहयोगमा वहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु १३,००,०००।०० , गरिव विश्वेश्वर कार्यक्रम रु ८,४८,०००।०० , प्रदेश विषेश अनुदान रु २०,००,०००।०० र प्रदेश समपुरक अनुदान रु ३०,००,०००।०० गरि कुल रु ३१,०५,५५,०००।०० र व्यय तर्फ प्रशासनिक चालू रु ५,२०,००,०००।०० विकासे चालु तथा पुजिंगत रु. ११,७६,६२,०००।०० रहने लक्ष्य लिईएको छ ।

अध्यक्ष महोदय,

यस गाउँपालिका विकास योजनालाई स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने क्रममा वस्ती तह, वडा समिति, वडा वासी, गाउँपालिकामा कृयाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु,नागरिक समाज,सरोकारवाला निकाय, व्यापारी, पत्रकार,छिपहरमाई गाउँ कार्यपालिका परिवार, गाउँपालिका कर्मचारी परिवार लगायत सम्वद्ध पक्षले पुरयाउनु भएको सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई छैठौं गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुवाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा अव म यस छिपहरमाईगाउँपालिकाले माथि उल्लेखित निति तथा कार्यक्रमहरु स्वीकृत गरिदिनहुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

उपाध्यक्ष
मोदिना खातुन

मनोज कुमार
गाउँपालिका प्रमुख

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

निर्णय नं.२

छिपहरमाई गाउँ कार्यपालिकाबाट स्वीकृत आर्थिक ऐन, २०७६ सर्वसम्मतिबाट स्वीकृत गरियो ।

# छिपहरमाई गाउँपालिका

## आर्थिक ऐन, २०७६

*कार्यपालिकाबाट स्वीकृत मिति : –२०७६।०३।०१*

## छिपहरमाई गाउँपालिका

## भिस्वा, पर्सा

*गाउँ सभाबाट अनुमोदन भएको मिति : – २०७६।०३।१७ गते*

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

# छिपहरमाई गाउँपालिकाको आर्थिक विधेयक, २०७६

## छिपहरमाई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: छिपहरमाई गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छिपहरमाई गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

२. सम्पति कर: गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति करलगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतको कर आवश्यक कानुन बनाई व्यवस्थापन गरिने छ ।

७. सवारी साधन कर: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन कर: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२०७६।३।२८



मनोज कुमार
गाउँपालिका प्रमुख

९. मनोरन्जन कर: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहिन्न बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. सेवा शुल्क, दस्तुर: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटनशुल्क: प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. कर छुट: यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संक्लन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची- १

### एकिकृत सम्पत्तिकरको दर

| क्र.स. | करयोग्य एकीकृत सम्पत्तिको मुल्य | दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | दश लाख रुपैया सम्म | - | |
| २ | दशलाख एक देखि पन्ध लाख सम्म | - | |
| ३ | पन्ध लाख एक देखि बीस लाख सम्म | - | |
| ४ | बीस लाख एक देखि तीस लाख सम्म | - | |
| ५ | तीस लाख एक देखि पचास लाख रुपैया सम्म | - | |
| ६ | पचास लाख एक देखि एक करोड रुपैया सम्म | - | |
| ७ | एक करोड एक रुपैया देखि पाँच करोड सम्म | - | |
| ८ | पाँच करोड एक रुपैया देखि माथि | - | |

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

## जग्गाको मुल्याङ्कन दर :

छिपहरमाई गाउँपालिका अन्तर्गतको जग्गाको न्युनतम मुल्यांकन दर श्री मालपोत कार्यालय, विरगञ्ज, पर्साले आ.व.२०७६/०७७ को लागि जारी गरेको जिल्ला भरीको जग्गाको न्युनतम मुल्यांकन दररेट बमोजिम हुनेछ ।

## अनुसुची- २

भूमि कर ( मालपोत) :- प्रति कठ्ठा रु. ५।-

## अनुसुची - ३

| क.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | वहाल कर | १० % | | |
| | घर बहाल कर वार्षिक सय कडा | १० % | | |
| | जग्गा वहाल कर | १० % | | |
| | बसपार्क/वर्कसप/उधोग/ व्यवसाय जग्गा भाडा सार्वजनिक जग्गा प्रति बर्गफिट न्युनतम | - | | |

## अनुसूची - ४

व्यसायकरको दर

| क.स. | कारोबारको प्रकृति | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | फोटो स्टुडियो | - | |
| २ | फलफुल तथा विरुवा पसल | - | |
| ३ | माछा/मासु विक्रेता (बध गरेर) | - | |
| ४ | फर्निचर पसल | - | |
| ५ | ठेला पसल | - | |
| ६ | कपडा पसल | - | |
| ७ | भाडाकुडा पसल | - | |
| ८ | सैलुन तथा व्युटी पालर | - | |
| ९ | औषधि पसल | - | |
| १० | किल्निक /ल्याब तथा प्याथोलोजि पसल | - | |
| ११ | चुत्ता चप्पल पसल | - | |



मनोज कुमार
गाउँपालिका प्रमुख

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १२ | किराना पसल | - | |
| १३ | साइकल मर्मत पसल | - | |
| १४ | ग्यास पसल | - | |
| १५ | लोहसार | - | |
| १६ | सुनचाँदी पसल | - | |
| १७ | हाड्वेयर पसल | - | |
| १८ | पान पसल | - | |
| १९ | टि.भी, मोबाइल, कम्प्युटर रिपेरिङ्ग पसल | - | |
| २० | खैनी (सुर्ति पसल) | - | |
| २१ | पेन्ट पसल | - | |
| २२ | स्टेटनरी पसल | - | |
| २३ | खाद, विज भण्डार पसल | - | |
| २४ | लौनडरी पसल | - | |
| २५ | लेथ मेसिन/टेक्ट्र रिपेरिङ्ग पसल | - | |
| २६ | गला भण्डार | - | |
| २७ | घडी पसल | - | |
| २८ | मोटरसाइकल बस, जीप, रिपेरिङ्ग | - | |
| २९ | पेट्रोल पम्प | - | |
| ३० | गेट, ग्रिल वेल्डिङ्ग पसल | - | |
| ३१ | बैक तथा वित्तिय संस्था | - | |
| ३२ | प्राविधिक तथा शैक्षिक परामर्श संस्था | - | |
| ३३ | निजी विद्यालय | - | |
| ३४ | विजुली पसल | - | |
| ३५ | टेन्ट पसल | - | |
| ३६ | निर्माण व्यवसायी | - | |
| ३७ | गैर सरकारी संघ संस्था | - | |
| ३८ | निर्माण समाग्री | - | |
| ३९ | ईटा उद्योग | - | |



मनोज कुमार
गाउँपालिका प्रमुख

| | | | |
|---|---|---|---|
| ४० | पोल्टरी फारम/गाई/माछा/बन्गुर | - | |
| ४१ | दूध चिस्यान | - | |
| ४२ | पावरोटी/आइस्किम तथा बरफ फेक्टी | - | |
| ४३ | सस्कृति तथा मनोरन्जन कर | - | |
| ४४ | कोल्ड स्टोर | - | |
| ४५ | तेल, चामल, गहु, ऊखु कसर मिल | - | |
| ४६ | कानुनी परामर्श तथा लेखापढी व्यवसायी | - | |
| ४७ | अन्य (माथि उल्लेखित बाहेक) | - | |

## अनुसूची - ५

क) सवारी दर्ता तथा सवारी वार्षिक कर

| | | | |
|---|---|---|---|
| १ | | कार, जिपमा वार्षिक रु | - |
| २ | | हेवी सवारीमा वार्षिक रु | - |
| ३ | | टेम्पुमा वार्षिक रु | - |
| ४ | | मिनी बसमा रु | - |
| ५ | | मोटरसाइकलमा वार्षिक | - |
| ६ | | ठेलागाडामा वार्षिक रु | - |

(ख) पटके सवारी करको दर रेट

| सि.नं. | सवारी साधनको नाम | ईकाई | करको दररेट |
|---|---|---|---|
| १ | निजि तथा भाडाको बस ट्रक टेक्टर | प्रति गोटा | - |
| २ | निजि तथा भाडाको सानो बस ,मिनि बस,कार जिप,भ्यान,टेम्पु | प्रति गोटा | - |
| ३ | लोडिङ्ग टायर भाडा | प्रति गोटा | - |
| ४ | भारतीय सवारी साधनको हकमा तोकिएको दरको दोब्बर हुनेछ | | |

## अनुसूची- ६

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | होडिङ्ग बोर्ड, वाल पेन्टिङ व्यापारीक प्रयोजनार्थ ( निजि जग्गा बाहेक मा) | | | |
| | २० बर्ग फुट वार्षिक | - | | |



मनोज कुमार
गाउँपालिका प्रमुख

जिरहमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | ४० वर्ग फुट थप | - | | |
| | ६० वर्ग फुट | - | | |
| | ८० वर्ग फुट | - | | |
| | सो भन्दा माथी | - | | |
| | प्रत्येक विद्युतपोलमा प्रति वर्ग मिटर प्रति महिना | - | | |
| | एक भन्दा बढी बोर्ड भएमा एक निशुल्क तर थपको उपरोक्त अनुसार र थप न.पा. ले तोके अनुसार | | | |

## अनुसूची- ७

| क.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | जादु, चटक, सर्कस र रमाईलो मेला | - | | |
| | प्रतिदिन रु. ५०० देखी ५,००० सम्म स्तर हेरी प्रमुखले तोक्ने | - | | |
| | मानोरञ्जन कर | - | | |
| | चलचित्रहल व्यवसाय | - | | |

## अनुसूची- ८

| | | | | |
|---|---|---|---|---|
| | पसल घर/सटर भाडा न्युनतम | - | | |
| | गुदरी बजार, मिना बजार, सिमरा, अरु सबै स्थानहरुमा | - | | |
| | डबल सटर | - | | |
| | बाहिर | - | | |
| | भित्र | - | | |
| | सिङ्गल सटर | - | | |
| | बाहिर | - | | |
| | भित्र | - | | |

गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।



मनोज कुमार
गाउँपालिका प्रमुख

# अनुसूची- ९

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | पार्किङ शुल्क | - | | |
| | ट्रयाक्टरको लागि | - | | |
| | हलुका सवारी साधनको लागि | - | | |
| | हेभी सवारी साधनकोलागि | - | | |
| | मोटरसाइकलका लागि | - | | |

गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूची- १०

## क)नक्सा पास दस्तुर :

नक्सा पास दस्तुर प्रति वर्गफिट

१. अवासीय घरहरु

- भुई तल्ला - रु१।५०प्रति वर्ग फिट
- पहिलो तल्ला - रु२।००प्रति वर्ग फिट
- दोस्रो तल्ला - रु२।५०प्रति वर्ग फिट
- तेस्रो र सो भन्दा माथि - रु३।००प्रति वर्ग फिट

२व्यवसायीक घर

- भुई तल्ला - रु२।००प्रति वर्गफिट
- पहिलो तल्ला - रु२।५०प्रति वर्गफिट
- दोस्रो तल्ला - रु३।०० प्रति वर्गफिट
- तेस्रो तल्ला र सो भन्दा माथि - रु३।५० प्रति वर्गफिट

३ उद्योग र कलकरखाना

- भुई तल्ला - रु४।०० प्रति वर्गफिट

४.पर्खाल - रु २।००प्रति मिटर



मनोज कुमार
गाउँपालिका प्रमुख

६. नक्सा पास किताब शुल्क रु ५००.

७. अमिनद्वारा जग्गा नाप जाँच रु२०००। प्रति पटक

८. नक्सा पास नामसारी रु.१०००।

ख) लिखत प्रमाणित दस्तुर :

| क.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | रु. ५० हजार देखि १लाख सम्मको लिखतमा | १००।- | |
| २. | रु. १ लाख देखि ५ लाख सम्मको लिखतमा | १५०।- | |
| ३. | रु. ५ लाख भन्दा माथि जतिसुकैको लिखत भएमा | २००।- | |

ग) दरभाउ पत्र/बोलपत्र दस्तुर :

| क.सं. | विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | दरभाउ पत्र विक्रि दस्तुर | १०००।- | |
| २. | बोलपत्र विक्रि दस्तुर | ३०००।- | |

घ) संस्था/उद्योग/ व्यवसाय दर्ता/ईजाजत पत्र तथा नविकरण तथा वार्षिक कर,शूल्क :

| क.सं | विवरण | विस्तृत विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | घ वर्गको निर्माण व्यवसायि ईजाजत पत्र दस्तुर | - | ५,०००।- | |
| २. | घ वर्गको निर्माण व्यवसायि ईजाजत पत्र. नविकरणदस्तुर | - | ३,०००।- | वार्षिक कर |
| ३. | सहकारी संस्था दर्ता | बचत तथा ऋण सहकारी संस्था बाहेक | १,०००।- | |
| ४. | सहकारी संस्था नविकरण | | ५००।- | वार्षिक कर |
| ५. | बचत तथा ऋण सहकारी संस्था दर्ता | - | १,५००।- | |
| ६. | बचत तथा ऋण सहकारी संस्था नविकरण | - | १,०००।- | वार्षिक कर |
| ७. | मनि ट्रान्सफर संचालन ईजाजत पत्र | - | १,५००।- | |
| ८. | मनि ट्रान्सफर संचालन ईजाजत पत्र नविकरण | - | १,०००।- | वार्षिक कर |
| ९. | बैंक व्यवसाय करको लागि दर्ता | सबै वर्गको | २,०००।- | |
| १०. | बैंक (वार्षिक कर) | सबै वर्गको | १,०००।- | वार्षिक कर |
| ११. | किराना पसल व्यवसाय दर्ता | थोक | १,०००।- | |
| १२. | किराना पसल व्यवसाय दर्ता नविकरण | थोक | ५००।- | वार्षिक कर |
| १३. | किराना पसल व्यवसाय दर्ता | खुद्रा | ५००।- | |
| १४. | किराना पसल व्यवसाय दर्ता नविकरण | खुद्रा | ५००।- | वार्षिक कर |
| १५. | कपडा/जुत्ता चप्पल/फैन्सी स्टोर/कस्मेटिक पसल व्यवसाय दर्ता | थोक | २,०००।- | |
| १६. | कपडा/जुत्ता चप्पल/फैन्सी स्टोर/कस्मेटिक | थोक | १,०००।- | वार्षिक कर |

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | पसल व्यवसाय नविकरण | | | |
| १७. | कपडा/जुत्ता चप्पल/फैन्सी स्टोर/कस्मेटिक पसल व्यवसाय दर्ता | खुद्रा | १,०००।- | |
| १८. | कपडा/जुत्ता चप्पल/फैन्सी स्टोर/कस्मेटिक पसल व्यवसाय नविकरण | खुद्रा | ५००।- | वार्षिक कर |
| १९. | ब्युटि पार्लर/जेन्स पार्लर/सैलुन व्यवसाय दर्ता | - | १,०००।- | |
| २०. | होटेल व्यवसाय दर्ता | खाना, खाजा | १,५००।- | |
| २१. | होटेल व्यवसाय दर्ता | चिया, खाजा | १,०००।- | |
| २२. | होटेल व्यवसाय | | ५००।- | वार्षिक कर |
| २३. | उद्योग | ग्रिल, फर्निचर, पोल्ट्र फर्म, डेरी उद्योग | १,०००।- | वार्षिक कर |
| २४. | उद्योग | चिम्नी | ५,०००।- | वार्षिक कर |
| २५. | अन्य उद्योग | - | १,०००।- | वार्षिक कर |
| २६. | मदिरा पसल व्यवसाय दर्ता | थोक | २,५००।- | |
| २७. | मदिरा पसल दर्ता नविकरण | थोक | १,५००- | वार्षिक कर |
| २८. | मदिरा पसल व्यवसाय दर्ता | खुद्रा | १,५००।- | |
| २९. | मदिरा पसल दर्ता नविकरण | खुद्रा | १,०००- | वार्षिक कर |
| ३०. | औषधि पसल व्यवसाय दर्ता | - | ५००।- | |
| ३१. | औषधि पसल नविकरण | - | ५००।- | वार्षिक कर |
| ३२. | ईलेक्ट्रोनिक/हार्डवेयर पसल व्यवसाय दर्ता | - | ५००।- | |
| ३३. | ईलेक्ट्रोनिक /हार्डवेयर पसल नविकरण | - | ५००।- | वार्षिक कर |
| ३४. | भाडा पसल/स्टेशनरी पसल व्यवसाय दर्ता | - | १,०००।- | |
| ३५. | भाडा पसल/स्टेशनरी पसल दर्ता नविकरण | - | ५००।- | वार्षिक कर |
| ३६. | संस्था दर्ता | गैर सरकारी/व्यवसायिक | ८००।- | |
| ३७. | संस्था नविकरण | गैर सरकारी/व्यवसायिक | ५००।- | वार्षिक कर |
| ३८. | निजी शैक्षिक संस्था दर्ता | - | १०,०००।- | |
| ३९. | निजी शैक्षिक संस्था कक्षा थप अनुमति | - | ५,०००।- | |
| ४०. | निजी शैक्षिक संस्था (वार्षिक कर) | | २०००।- | वार्षिक कर |
| ४१. | सुन चाँदी पसल व्यवसाय दर्ता | - | १,०००।- | |
| ४२. | सुन चाँदी पसल दर्ता नविकरण | - | ५००।- | वार्षिक कर |
| ४३. | बिक्रि तथा मर्मत पसल संचालन अनुमति | मोटर पार्टस बिक्रि तथा मर्मत | १,०००।- | |
| ४४. | बिक्रि तथा मर्मत पसल | मोटर पार्टस बिक्रि तथा मर्मत | ५००।- | वार्षिक कर |
| ४५. | पेट्रोलियम पदार्थ /ग्यास सिलिण्डर बिक्रि व्यवसाय दर्ता | - | १,०००।- | |
| ४६. | पेट्रोलियम पदार्थ /ग्यास सिलिण्डर बिक्रि नविकरण | - | ५००।- | वार्षिक कर |

ङ) गाउपालिका तथा वडा कार्यालयहरुबाट गरिने विभिन्न सिफारिसहरु सम्बन्धि शुल्क दस्तुर



मनोज
गाउँपालिका प्रमुख

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

| क.सं | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | जन्म मिति प्रमाणित | ५०।- | |
| २ | नाम थर शंसोधन | ५०।- | |
| ३ | नाता प्रमाणित | १००।- | |
| ४ | जग्गा नामसारी सिफारिस | १००।- | |
| ५ | घर बाटो प्रमाणित | ५०।- | |
| ६ | मधेशी, दलित, आदिवासी, अपाङ्ग सिफारिस | ५०।- | |
| ७ | विद्युत मिटर सिफारिस | १००।- | |
| ८ | चरित्रिक प्रमाणित | ५०।- | |
| ९ | जन्मदर्ता/मृत्युदर्ता/विवाहदर्ता प्रमाणपत्र | ५०।- | |
| १० | बसाईसराई प्रमाणपत्र/सम्बन्ध विच्छेद | ५०।- | |
| ११ | नगरिकता सिफारिस | ५०।- | |
| १२ | नगरिकता प्रतिलिपी सिफारिस | ५०।- | |
| १३ | चरकिल्ला सिफारिस | ५०।- | |
| १४ | सम्पत्ति मूल्यांकनको सिफारिस | १००।- | |
| १५ | मोही लगत कटा सिफारिस | १००।- | |
| १६ | व्यापार व्यवसाय बन्द भएको /संचालन नभएको सिफारिस | ५०।- | |
| १७ | घर जग्गाको लेखाजोखा सिफारिस | ५०।- | |
| १८ | बन्द घर तथा कोठा खोल्न रोहबर सिफारिस | ५००।- | |
| १९ | सम्पत्ति मूल्याकन बाहेक अंग्रेजीमा सिफारिस | ५०।- | |
| २० | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ५०।- | |
| २१ | व्यक्तिगत विवरण प्रमाणित | ५०।- | |
| २२ | लालपूर्जा हराएको सिफारिस | ५०।- | |
| २३ | फरक फरक नाम, थर, जन्म मिति भएको एउटै व्यक्ति हो भने सिफारिस | ५०।- | |
| | किता काट गर्ने सिफारिस | ५०।- | |
| | जग्गा दर्ता सिफारिस | ५०।- | |
| | नामसारी सिफारिस | १००।- | |
| | संस्था दर्ता सिफारिस | १००।- | |
| | उद्योग दर्ता सिफारिस | ५००।- | |
| | हकवाला प्रमाणित | ५००।- | |
| | नाम, थर, जन्ममिति संशोधन | ५०।- | |
| | स्थायी/अस्थायी बसोबास सिफारिस | ५०।- | |



मनोज ...
गाउँपालिका प्रमुख

| | | | |
|---|---|---|---|
| ३२ | कागज र मन्जूरीनामा प्रमाणित | ५०।- | |
| ३३ | मेलमिलाप कागज गराउने निवेदन दर्ता दस्तूर | ५०।- | |
| ३४ | नाबालक परिचय पत्र सिफारिस | ५०।- | |
| ३५ | विपन्न छात्रवृति सिफारिस | ५०।- | |
| ३६ | कागज गराउने निवेदन दर्ता | ५०।- | |
| ३७ | उद्योग ठाउसारी सिफारिस | १०००।- | |
| ३८ | विद्यालय खोल्न सिफारिस | ५००।- | |
| ३९ | विद्यालय ठाउसारी सिफारिस | ५००।- | |
| ४० | बहालकरको लेखाजोखा सिफारिस | ५०।- | |
| ४१ | संचालन नभएका वा व्यापार व्यवसाय छदै नभएको सिफारिस | ५०।- | |
| ४२ | नि:शूल्क तथा सशूल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने | ५०।- | |
| ४३ | घर पताल प्रमाणित (सूकूम्वासी) | ५०।- | |
| ४४ | जग्गा धनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्न सिफारिस | ५० | |
| ४५ | संरक्षक प्रमाणित | ५०।- | |
| ४६ | जिवित रहेको सिफारिस | ५०।- | |
| ४७ | हकदार प्रमाणित | १००।- | |
| ४८ | आर्थिक अवस्था कमजोर वा सम्पनन सिफारिस | ५०।- | |
| ४९ | एफ एम संचालन वा नविकरण | १०००।- | |
| ५० | माथि उल्लेखित सिफारिस गर्न सहर्जमिन मूचूल्का आवश्यक भए थप रु. | ३००।- | |
| ५१ | माथि उल्लेखित बाहेक अन्य सिफारिस | ५०।- | |

## च)हाट बजार करको दर रेट

| सि.नं. | विवरण | ईकाई | करको दररेट |
|---|---|---|---|
| १ | मासु पसल | १ खसि | - |
| २ | सानो माछा तथा ठुलो माछा | प्रति पसल | - |
| ३. | टोकरी साग सवजी | प्रति टोकरी | - |
| ४. | साग सबजी टायर गाडा/पिक अथप | प्रति टायर | - |
| ५. | साइकल दोकान पसल | प्रति पसल | - |
| ६. | ह्वांस कुखुरा आदीमा | प्रति हास | - |
| ७. | चौपाया | प्रति गोठा | - |



मनोज कुमार
गाउँपालिका प्रमुख

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ८. | मिठाई पसल | प्रति पसल | - |
| ९. | माटो,भाडा पसल | प्रति पसल | - |
| १०. | फलफुल | प्रति पसल | - |
| ११ | अन्य ठेला | प्रति पसल | - |
| १२ | ऐलानी जग्गामा थपेका पलस /गुम्टी | प्रति पसल | - |

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

निर्णय नं.३

छिपहरमाई गाउँ कार्यपालिकाबाट तपसिल बमोजिम विनीयोजन ऐन, २०७६ सर्वसम्मतिवाट स्वीकृत गरियो ।

# छिपहरमाई गाउँपालिका

## विनीयोजन ऐन, २०७६

*कार्यपालिकाबाट स्वीकृत मिति : –२०७६।०३।०१*

## छिपहरमाई गाउँपालिका

### भिस्वा, पर्सा

*गाउँ सभाबाट अनुमोदन भएको मिति : –२०७६।०३।२१ गते*

गाउँकार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
२ नं. प्रदेश, नेपाल

# छिपहरमाई गाउँपालिकाको विनियोजन विधेयक, २०७६

## छिपहरमाई गाउँपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: छिपहरमाई गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) छिपहरमाई गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम" छिपहरमाई गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

क)"गाउ सभा"भन्नाले छिपहरमाई गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका"भन्नाले छिपहरमाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति"भन्नाले छिपहरमाई गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा"भन्नाले छिपहरमाई गाउँपालिका अन्तर्गतको महाशाखा, शाखा,आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चित कोष"भन्नाले छिपहरमाई गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

